प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(उच्च शिक्षा महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.:

**सामुदायिक क्याम्पसको सहकार्यमा अनुसन्धान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**सूचना प्रकाशन मितिः २०७७।०५।१७**

श्री प्रदेश नं ५ भित्रका सम्पूर्ण सामुदायिक क्याम्पसहरु।

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.ब. ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रममा सामुदायिक क्याम्पसको सहकार्यमा अनुसन्धान कार्यक्रम रहेकोले उक्त कार्यक्रम अन्तर्गत रही तपसिलको विषय र कार्यक्षेत्रमा आधारित रही अनुसन्धान गर्न इच्छुक सम्बन्धित जिल्ला भित्रका सामुदायिक क्याम्पसलाई सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस मन्त्रालयको Email ID: mosdfive@gmail.com मा अनुसन्धान प्रस्ताव पेश गर्नका लागि मिति २०७७।०५।१७ को निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

<u>तपसिल</u>

| क्रस | अनुसन्धान शीर्षक | अनुसन्धानको कार्यक्षेत्र |
|---|---|---|
| १ | स्थानीय पालिकामा स्वच्छ पिउने पानीको पहुँचको अवस्था | प्युठान |
| २ | विद्यार्थीको कक्षा छाड्ने अवस्था, यसको प्रभाव, समस्या र समाधानका उपायहरु | पाल्पा |
| ३ | अनाथ र अपाङ्ग बालवबालिकाहरुको शिक्षामा पहुँचको अवस्था, समस्या र समाधानका उपाय | रुपन्देही |
| ४ | बालविवाहको अवस्था र यसले बालिका शिक्षामा पारेको असर | बाँके |
| ५ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको रोजगारी तथा सीपको अवस्था, समस्या र समाधानका उपाय | बर्दिया |
| ६ | रोल्पामा मगर भाषाको अवस्था र यसको संरक्षण तथा विकासका उपायहरु | रोल्पा |
| ७ | धार्मिक विद्यालयको मूल प्रवाहीकरणको अवस्था | कपिलवस्तु |
| ८ | कक्षा ७ को गणित र विज्ञान विषयको नतिजा विश्लेषण | गुल्मी |
| ९ | आर्थिक सशक्तीकरणमा महिला विकास सहकारी संस्थाको भूमिका, | नवलपरासी |

प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(उच्च शिक्षा महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.:

| | | |
|---|---|---|
| | प्रभाव र चुनौति | |
| १० | सामुदायिक विद्यालयमा विज्ञान, गणित विषयको अध्ययन अध्यापनमा सुधारको अवस्था | दाङ |
| ११ | सामुदायिक विद्यालयमा कक्षा ८ को उपलब्धि परीक्षा संचालनको अवस्था अध्ययन | अर्घाखाँची |
| १२ | स्थानीय उद्यमशीलताको अवस्था र सुधारका उपायहरु | रुकुम पूर्व |

नोटः

१. एउटा शीर्षकको अनुसन्धानका लागि बढीमा एक लाख रुपियाँ नबढ्ने गरी बजेटको व्यवस्था हुनेछ।

२. मन्त्रालयले तोकेको मितिमा अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान प्रस्तावको प्रस्तुति मन्त्रालय समक्ष गर्नु पर्नेछ र सो समेतका आधारमा मूल्याङ्कन गरी अनुसन्धान प्रस्ताव स्वीकृत गरी अनुसन्धानका लागि कार्यदिश प्रदान गरिनेछ। उक्त समयमा अनुसन्धान प्रस्तावको सक्कल प्रति समेत पेश गर्नु पर्नेछ।

३. सामुदायिक क्याम्पसको सहकार्यमा गरिने अनुसन्धान विधि सम्बन्धी संक्षिप्त कार्यविधि यसै साथ संलग्न गरिएको छ।

2066।04।16

(विष्णु प्रसाद पन्थी)

शाखा अधिकृत